# INLS Best Book Award Ceremony on the accession of Devkotajayanti November 18 2007 In Virginia

## भर्जिनियामा भव्यताका साथ देवकोटा जयन्ती तथा पुरस्कार वितरण समारोह सम्पन्न
## भर्जिनिया, १८,

अन्तराष्ट्रिय नेपाली साहित्य समाज केन्द्रिय कार्यालय तथा डि.सी.मेट्रो च्याप्टरको संयुक्त तत्वाधानमा, महाकवि लक्ष्मी प्रसाद देवकोटा जयन्ती तथा अन्तर्राष्टिय नेपाली साहित्य समाज उत्कृष्ट पुस्तक पुरस्कार वितरण समारोह भव्यताका साथ सम्पन्न भयो । उक्त साहित्यिक कार्यक्रममा, भर्जिनिया लगायत मेरिल्याण्ड र न्युयोर्कबाट समेत जनसहभागिता भएको थियो । त्यस कार्यक्रममा, प्रमुख अतिथि नेपाली दुतावासका नियोग प्रमुख काली प्रसाद पोखरेलको उपस्थिति थियो भने अतिथिमा नेपालका वरिष्ट गीतकार तथा फिल्म निर्देशक यादव खरेलज्युको उपस्थिति थियो ।




उक्त कार्यक्रममा युवा साहित्यकार बसन्त श्रेष्टले महाकवी लक्ष्मी प्रसाद देबकोटाको विषयमा फरक ढंगबाट बिविध पक्षमा देबकोटाको बहुयामिक क्षमताको बारेमा प्रकास पार्नु भएको थियो ।

अनेसासले आयोजना गरेको अन्तर्राष्टिय नेपाली साहित्य उत्कृष्ट पुस्तक पुरस्कार वितरण समारोहमा नेपालबाट उक्त पुरस्कार ग्रहण गर्न नेपालका युवा चर्चित साहित्यकार श्रीओम श्रेष्ट “रोदन” एवम् श्री युवाराज “नयाँघरे” र न्युयोर्कबाट कमला प्रसाई डकाल पाल्नु भएको थियो ।




नविर्सने दिनहरू नियात्रा संग्रहको लागि लक्ष्मण सत्याल बागमती अञ्चल उत्कृष्ट पुस्तक पुरस्कारको नगद राशी नेरु १५०००.०० ग्रहण गर्दै श्री ओम श्रेष्ठ रोदनले भन्नुभयो–विश्वका जुनसुकै कुनामा रहेर जसरी गरे पनि त्यो नेपाली भाषाको सेवा स्तुत्य नै हुन्छ । अनेसासका यस्ता कामहरु प्रशंशनीय छन् ।




चेतनाथ घिमिरे मेची अञ्चल उत्कृष्ट पुस्तक पुरस्कारको नगद राशी नेरु १५०००.०० 'अनाम पहाडमा फनफनी' निवन्ध संग्रहका लागि युवाराज नयाँघरेज्यूलाई प्रदान गरियो । यो अवसरमा बोल्दै उहाँले भन्नुभयो– पुरस्कार कुनै सानो र ठूलो हुन्न । यो अनेसासले नेपाली साहित्यको विकाश राखेको पुरस्कार र यसले नेपाली साहित्यकारहरुलाई देशविदेशको बीच कायम गराएको साहित्यिक सम्बन्धको अत्यन्त ठुलो महत्व छ । यसले नेपाली भाषा र साहित्यको विकासमा अतुलनीय योगदान पुराउने हुंदा अनेसासप्रति नै आभार व्यक्त गर्नुभएको थियो ।




हरिभक्त कटुवाल गीती कविता उत्कृष्ट पुस्तक पुरस्कारको नगद नेरु १५०००.०० र आँखीझ्याल मोडेलको ताम्रपत्र 'म बिनाको मेरो जीवन' गीत र कविता संग्रहका लागि गीतकार कमला प्रसाइ ढकाललाई प्रदान गरियो । यो पुरस्कार आमोद तथा प्रणिता कटवालले प्रायोजन गर्नुभएको हो । कमला प्रसाईले अनेसास नारायण जयन्ता वेभ जर्नालिज्म एवार्ड पनि स्थापना गर्नु भएको छ । त्यो पुरस्कार यस वर्ष नेपालजापानडटकमले जितेको हो ।

'आप्रावसका सुसेली' कविता संग्रहका लागि रोहिणी शर्मा धौलागिरी उत्कृष्ट पुस्तक पुरस्कार र डायास्पोराका नेपाली लेखकहरुलाई एन्आर्एन् कन्फेरेन्समा दिइने डायास्पोरा नृपध्वज कार्की पुरस्कार हेमनाथ सुवेदीका प्रतिनिधिले नेपालको एवार्ड वितरण समारोहमा बुझिसकेका थिए तर ती प्ल्याकहरु भर्जिनिया प्राप्त भएपछि यो समारोहमा ससम्मान उहाँलाई हस्तान्तरण गरियो ।




प्ल्याकहरु लिदै एवार्डको प्रत्युत्तरमा नेपालमा बोलिसकेको भनेर फेरि घोषणा गरी उहाँले दोहोराउदै भन्नुभयो –'धवलागिरी अन्चल रोहिणी शर्मा पुरस्कारको नगद राशी म नेपालको दुर्गम स्थानको नेपाली साहित्यको विकाशको लागि म्याग्दी जिल्लाको 'म्याग्दी साहित्य समाज'लाई प्रदान गर्ने घोषणा गर्दछु र नृपध्वज कार्की पुरस्कारको राशी म 'समुद्रपारका समालोचना' छाप्नमा खर्च गरेर डायास्पोराको साहित्यलाई अझ एक स्तर माथि प्रकाशमा ल्याउने काममा लगाउनेछु । त्यसको आयले अनेसासको 'अनेसास उत्कृष्ट पुस्तक पुरस्कार विजयी कृति विवेचना २००५' छाप्नको लागि खर्च गर्नेछु र यो 'अनेसास उत्कृष्ट पुस्तक पुरस्कार विजयी कृति विवेचना २००५' बाट प्राप्त आय मैले लिने छैन अनेसासको एवार्ड ट्रस्टफन्डमै जानेछ भन्ने घोषणा गर्दछु ।' यो भन्दै उहाँले समारोहको लागि एवार्ड कमिटीका अध्यक्ष सुमनराज तिमसिनाको सुभकामना पनि सुनाउँदै सुमनराज तिमसिना लगायतका अनेसासका सबै कर्मठ कायकर्ताहरुलाई धन्यवाद दिनुभएको थियो ।

'उत्तर आधुनिक ऐना' समालोचना लागि अनेसास उत्कृष्ट पुस्तक पुरस्कारको ताम्रपत्र नेपालको एवार्ड वितरण समारोहमा प्रदान गरिएको तर नगदभने आजको युएस्एको एवार्ड वितरण समारोहमा दिने भनिएकोमा अनेसास उत्कृष्ट पुस्तक पुरस्कारका विजयी डा. गोविन्दराज भट्टराई कारणवश उपस्थित हुन न सके पछि उहाँको नगद एकलाख पुरस्कार पनि उहाँको इच्छा अनुरुप उहाँका प्रतिनिधि बासु सत्याललले लिइदिनुभएको छ ।

त्यसै गरी च्यात्न नसकेको चिठी लघुउपन्यासका लागि डा. दीपक खडकाले पाउने अनेसास डिल्लीराम तिमसिना नयाँ प्रतिभा उत्कृष्ट पुस्तक पुरस्कारको ताम्रपत्र नेपालको एवार्ड वितरण समारोहमा प्रदान गरिएको तर नगदभने यो युएस्एको एवार्ड वितरण समारोहमा दिने भनिएकोमा उहाँ त्यहाँ उपस्थित न हुनुभएकोले उहाँले पाउने नगद नेरु २००००।०० बासु सत्याललले लिइदिनुभएको छ । यो पुरस्कार सुमनराज तिमसिना र रुद्र तिमसिनाले प्रायोजन गर्नुभएको हो ।

'कपुरी क' वालसाहित्यको लागि गुहनाथ पौडेललाई पुरस्कारको ताम्रपत्र नेपालको एवार्ड वितरण समारोहमा प्रदान गरिएको तर नगदभने आजको युएस्एको एवार्ड वितरण समारोहमा दिने भनिएकोमा प्रदान गरिएको शारा अनेसास बाल साहित्य उत्कृष्ट पुस्तक पुरस्कारको नगद नेरु १५०००।०० पनि उहाँहरुको इच्छा अनुसार उहाँका प्रतिनिधि बासु सत्याललले लिइदिनुभएको छ । यो पुरस्कार अच्युत श्रेष्ठले प्रायोजन गर्नु भएको हो । उक्त पुरस्कारका चेकहरु विजयीकहाँ पुराइदिने दायित्व पनि बासु सत्याललाई नै गएको छ ।

अनेसासका अन्य पुरस्कार विजेता खगेन्द्र लुइटेल, क्षेत्रप्रताप अधिकारी, शिवप्रकाश पौलेल, रुकु कार्की, गोपाल पराजुली र कुमार बस्नेतलाई नेपालमा भएको पुरस्कार वितरण समारोहमा नै प्ल्याक र नगद दुवै प्रदान गरिसकिएको थियो । यो कुरो नेपालबाट **INLS-NRN LITERARY FESTIVAL 14 OCTOBER 2007, KATHMANDU, NEPAL (11/09/07)** मा नै उल्लेख भै सकेको छ । यो प्रस्तुतिको सन्दर्भ यो युआर्एल्सित जोडिन्छ । http://inls.org/index.php?sect=announcements&nId=173

प्रशन्ना रेग्मीबाट प्रायोजित ठाकुर प्रसाद रेग्मी जनकपुर अन्चल उच्कृष्ट पुस्तक पुरस्कारकी विजयी प्रमिला शर्माको नगद नेरु १५०००।०० र प्ल्याक पुरस्कार उहाँकी प्रतिनिधि नन्दादेवी सुवेदीले



ग्रहण गर्नुभएको थियो । प्रमिला शर्माले यसपटक 'संझनाको झरी अमेरिकामा घरिघरी' नियात्रा संग्रहमा पुरस्कार पाउनुभएको हो । अनेसासका पुरस्कारमा लगातार दोश्रो पटक पुरस्कार पाउने व्यक्ति उहाँ पहिलो हुनुहुन्छ । उहाँले २००५मा पनि 'प्रेमको खोजीमा' कथा संग्रहको लागि 'अनेसास डिल्लीराम तिमसिना उत्कृष्ट नारी हस्ताक्षर उत्कृष्ट पुस्तक पुरस्कार' जित्नु भएको थियो । अनेसासको नियम अनुसार उही लेखकले दोश्रो पटक उही पुरस्कारमा भाग लिन पाउँदैन तर त्यो बाहेक अरु कुनै पनि पुरस्कारमा उसले भाग लिन पाउने प्रावधान छ । यो यौटा र एक मात्र पुरस्कार मात्र दिने सानो लघु संस्था हैन, यो एक व्यापक विश्वभरका नेपालीको साहित्यिक समाज हो, डायास्पोरामा यो एक स्वयम् साहित्यकारहरुको राष्ट्र हो, त्यसैले यही संस्थाभित्र प्रत्येकले पुरस्कार स्थापना गर्न पनि पाउने र पुरस्कारमा भाग पनि लिन पाउने प्रावधान छ तर आफैले स्थापना (प्रायोजन) गरेको पुरस्कारमा भने प्रायोजकले भाग लिन मिल्दैन । तर अनेसासको सदस्यताबाट चलेको मूल अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार (१०००००।००)को एवार्डमा भने प्रत्येक सदस्यले भाग लिन पाउँछ तर ऊ र उसका बाबुआमा छोराछोरी एवार्ड कमिटीमा हुनुहुन्न प्रतिवन्ध त्यत्ति हो । अरु पुरस्कारमा, अनेसास नेपाली डायास्पोरामा स्वयम् एक राष्ट्र जस्तो ठुलो संस्था हो । यौटै राष्ट्रभित्र कति कतिले पुरस्कार प्रायोजन गरी स्थापना गरेर चलाएका हुन्छन् तिनैमध्ये कतिपय लेखकले अरुले राखेको पुरस्कारका ठाउँमा तिनै अरुले चलाएको पुरस्कारमा भाग लिन्छन्, लिन मिल्ने गरी अनेसासलाई व्यवस्थित गरिएको छ । अनेसासको यौटा स्वतन्त्र र सबैभन्दा माथिको एवार्ड कमिटी हुन्छ । अनेसासको शीर्षस्थ एवार्ड कमिटीले पुस्तक मूल्याङ्कनको भ्यालिडिटी र रिलियाविटी कायम राख्न

प्रतियोगीलाई एवार्ड कमिटीमा बस्न प्रतिवन्ध लगाइएको छ र जाँचकीमा कम्तिमा ३ जना र बढीमा ६ जना राख्ने र तिनको स्कोरको आधारमा एवार्ड कमिटीले परिणाम घोषणा गर्ने कडा प्रक्रियाको प्रावधान छ। अरु कुनै पनि एवार्ड दिने संस्थाले यौटै पुस्तकलाई नेपालीमध्ये पृथक् जनजाति र पृथक् भौगोलिक क्षेत्रमा बस्ने ६, ६ जना विद्वान् मूल्याङ्कनकर्ता राखेर पुस्तक जँचाउने कष्ठ गर्दैन तर अनेसासले भने 'भ्यालिडिटी' र 'रिल्याबिलिटी'को लागि गरेको यो व्यवस्था भने अत्यन्त नै उच्च स्तरको छ त्यत्ति नै गोप्यताको कठोर नियम छ। यो यसको सराहनीय पक्ष हो। यो भन्दा माथि त विकाशको गति अनुसार मूल्याङ्कनका अझ नयाँ प्रविधिहरुको थप हुदै गएमा यो अझ बढी रिलियाबल र भ्यालिड भैरहने कुरामा कुनै विवाद रहन्न।

कविता गोष्ठी कार्यक्रममा उपस्थित कवि कवयित्रीहरुद्वारा प्रतियोगी र अप्रतियोगीका रुपमा कविता बाचन गरिएको थियो। उक्त साहित्यिक समस्यापूर्ति 'नेपाली मन भै फूल' कविता प्रतियोगिताको छनोट समितिमा साहित्यकार द्वय युवराज नयाँघरे र श्रीओम श्रेष्ट रोदन र हेमन्त श्रेष्ट हुनुहुन्थ्यो।




उक्त कविता बाचनमा बिसाल शाह, माया सर्मा, होमनाथ सुबेदी, कमला प्रसाइ, बासु श्रेष्ट, प्रेम संग्रौला, हस्त गौतम "मृदुल" हेमन्त श्रेष्ट, गोबिन्द पथिक, भीम रेग्मी, कबिन्द्र सिटौला, पुरु सुबेदी लगायत तीन बर्षकी बालिका धर्ती पोखरेलले पनि कबिता भनेर रौनकता बढाएकी थिइन।

सिटौला समस्यापूर्ति कविता प्रतियोगिता पुरस्कारका लागि 'नेपाली मन भै फुल' समस्या दिइएको थियो। यो पुरस्कारको लागि सिटौला परिवारका तर्फबाट आर्थिक सहयोग प्राप्त भएको थियो। किरण तथा कविन्द्र सिटौलाका बयोबृद्ध पितामह तथा पितामहीको हातबाट पुरस्कार ग्रहण गर्दा पुरस्कृत कबि कबियत्रीहरु अति भावबिभोर भएका थिए भने स्वयम् बुबा–आमा–प्रशन्नमुद्रामा हुनुहुन्थ्यो। उक्त प्रतियोगितामा माया आचार्य प्रथम, गोविन्द कल्पित द्वितीय र तृतीयमा बिशाल शाह हुनुभएको थियो।

साथै उक्त कार्यक्रममा गत भानुजयन्तीमा सम्पन्न कविता प्रतियोगितामा पुरस्कृत कविहरुलाई समेत पुरस्कार तथा प्रमाण पत्र बितरण समेत गरिएको थियो। प्रथम भगवान भन्डारी (आजीवन सदस्यता र प्रमाण पत्र)'म जान्छु प्यारी' कविताको लागि। द्वितीय माधवप्रसाद रेग्मी (सदस्यता र प्रमाणपत्र 'भानु तिमी' कविताको लागि। तृतीय दिग बहादुर तामाङ्ग 'म त हजुर नेपाली' कविताको लागि र पर्ल रेग्मी 'तेल' कविताको लागि दुवैलाई २०, २० पर्छ त्यसमा पर्ल रेग्मीले सदस्यता र प्रमाणपत्र पाउनुभयो भने डिबी तामाङ्गलाई डलर २०।०० र प्रमाणपत्र प्रदान गरियो। यो पुरस्कार अनेसास सदस्यता प्रमोशनको लागि राखिएको हुदा सूचनामा नै भनिएको थियो कि सदस्य भएकाले पुरा नगद र प्रमाणपत्र पाउँछन्, सदस्य नभएका मान्छेले जितेमा नगद सदस्यतातिर जान्छ र प्रमाणपत्र मात्र पाउँछन्। यस बाहेक भानुजयन्तीका बाल कविमा यी पुरस्कृत भए : प्रथम मुकेश घिमिरे मातृभूमिको संझना' कविताका लागि , द्वितीय 'पुतली'को लागि निकेश घिमिरे, तृतीय 'आदिकवि भानुभक्तको समझनामा' को लागि आशिष सिटौला। भगवान भण्डारीको अनुपस्थितिमा उहाँको प्रमाणपत्र हस्त गौतम मृदुलले ग्रहण गर्नु भएको थियो। सोही अवसरमा भानुभक्त मेमोरियल भलिबल टुर्नामेन्टका रेफ्री खेमभट्टचन तथा विजयी टीम 'म्याग्दी क्लब यु. एस्. ए.'का टिम क्याप्टेन टिका पुन र सुर्य गौतम,

राजु श्रेष्ठ, रामकाजी नेपाल, राजकुमार पुन, सफर थापालाई पनि प्रमाणपत्रहरु प्रदान गर्न ल्याइएको तर छुट भएकोले ती प्रमाणपत्र उहाँहरुको निवासमा पुराउने व्यवस्था गरिएको जनाइएको छ ।




उक्त अबसरमा चारवटा साहित्यिक कृतिहरु पनि बिमोचन गरिएको थियो । आफना सन्तानहरुको स्मृतिमा बिमला ढुंगानाद्धारा लिखित बालसाहित्यक पुस्तक १. **वालमन**, २. **तिमी विनाको हाम्रो जीवन**, ३. **बादल र ऋतु** तीनवटा पुस्तक र चौथो कृतिको रुपमा हरिभक्त बुढाथोकीद्वारा लिखित **मूलको सङ्लो पानी** गिती संग्रह प्रमुख अतिथिको बाहुलीबाट विमोचन गरिएको थियो । उक्त विमोचित कृतिहरुको समीक्षा वरिष्ट साहित्यकार एवं अनेसासका संस्थापक होमनाथ सुवेदीज्युले गर्नु भएको थियो । यी चारवटै कृति अनेसासका प्रकाशन हुन् ।

अनेसास बोर्ड अफ ट्रस्टीजका उपाध्यक्ष भीमप्रसाद रेग्मीले अनेसासका पुरस्कारहरुको ऐतिहासिक विकाशमा प्रकाश पार्दै भन्नुभयो– यो संस्थाको पुरस्कार थालनी गर्ने कुरामा प्रारम्भमा हामी




३० जनाले प्रतिव्यक्ति ट्रस्टी मेम्बरशिप फि १०००।०० डलर तिर्ने र त्यो अक्षयकोषमा राखेर पुरस्कार चलाउदै जाने अरु थपिदै जान्छन् भन्ने योजना अनुसार यो उत्कृष्ट पुस्तक पुरस्कार सुरु गरिएको र त्यसै प्रक्रिया अन्तर्गत अरु विविध एवार्डहरु पनि थपिदै गए । उहाँको भनाइ थियो कि सानोबाट सुरु गरिएको एवार्डहरुको काम आज व्यापक भएको छ । साना झिनामिनाको कुरा पनि बाहिर आएको देखिएको छ यो दुःखको कुरो हो । सानातिना अन्तर्विरोधलाई पन्छाएर हामी एक व्यापक उद्देश्यको लागि यिनलाई अझ व्यवस्थित गरेर लानुपर्छ, भन्ने उहाँको राय थियो । अनेसासको सदस्यता खास गरी दुई प्रकारको छ । ट्रस्टी मेम्बरशिप शुल्क डलर १०००।००, र आजीवन सदस्यता शुल्क १००।०० छ । एवार्डको :म्यानेजमेन्टमा १०००।०० तिरेका सदस्यहरुले मात्र भोट हाल्छन् र एवार्ट कमिटीको लागि पनि तिनै हजार तिर्ने सदस्यले मात्र चुन्न पाउने प्रावधान छ । हजार तिर्न न चाहने अनि एवार्ड कमिटीको कामका गोप्य कुरा थाहा न पाउने अनि यो भएन त्यो भएन भनेर थाहा न पाएको कुरा कुरामा कुरा काटेर हिड्न विवश केही बाहिरका केही हाम्रै आजीवन सदस्यहरु पनि छन् । यो मेम्बरशिप ओरिएन्टेड संस्था हो , त्यसै पनि अमेरिका हो सित्तिमा अधिकार कहाँ पाइन्छ र विना पैसा एवार्ड चल्छ कसरी र ? त्यसै अन्योलमा रहनुभन्दा एवार्डको बारेमा चाख र चासो हुने बाहिरका वा आजीवन सदस्यहरुले १०००।०० तिरेर ट्रस्टी सदस्यता लिएमा राम्रो देखिन्छ । एकातिर एवार्डकोस बढ्छ अर्कोतिर उनीहरु ट्रस्टी सदस्य भएमा एवार्ड कमिटीका उमेद्वार चुन्न वा उमेद्वार हुन पनि पाउँछन् । अनि मात्र त्यसभित्र गएर उनीहरुले सबै

हेर्न र गर्न पनि सक्छन् अन्यथा जान्ने छु भनेर तर बाहिर बसेर मात्र त देश बन्दैन । समाजभित्र जति माथिल्लो ओहदामा सदस्यहरु जान सक्छन् त्यति नै उनीहरुले आफुले चाहेको सम्भव भएसम्म विचार लागु गर्न सक्छन् । अझ भिमजीले त्यहाँ उल्लेख त गर्नु भएन तर यो टिप्पणीकारलाई थाहा भएको कुरो पुरस्कार चलाउन कम्तिमा ३० जना ट्रस्टी सदस्य चाहिन्छ त्यो कोटा पुगे पछि ट्रस्टी फी १०००।०० डलरबाट बढाएर १००००।०० बनाउने भन्ने कुरो पनि पारित भैसकेको छ धेरै अगाडि नै । यो सन्दर्भलाई हेर्दा अनेसासका एवार्ड म्यानेज्मेन्टमा केही गरौं भन्ने भावना भएका राम्रा मान्छेहरुले ऐले चाँडै नै १०००।०० मात्रै ट्रस्टी शुल्क तिरेर टस्टी सदस्य बन्न सके उनीहरुलाई पछि कोटा सकिए पछि १००००।०० डलर तिर्नु पर्ने पनि थिएन भन्ने कुरा पनि यो सन्दर्भले स्पष्ट गरेको छ ।




अनेसासका नेपाली भाषा तथा संस्कृति विद्यालयका प्रारम्भिक संस्थापक अध्यक्ष पुरुषोत्तम सुवेदीले आप्रवासमा नेपाली भाषाको विकासको लागि आआफ्नो क्षेत्रबाट प्रोत्साहित गर्न सबैलाई आह्वान गर्दै देवकोटाको एक अनुदित कविता वाचन गरेर सुनाउनुभएको थियो ।




अतिथि बक्ता बरिष्ट गीतकार यादव खरेलले नेपाल बाहिर रहेर पनि साहित्य क्षेत्रमा अनेसासले गरेको अर्थपूर्ण कार्यको प्रशंसा गर्नु भो । भाषा हराए अस्तित्व हराउछ । अस्तित्वलाई जीवित राख्ने काम अनेसासले गरेकोमा खुलेर प्रशंसा गर्दै भाषाको अभावमा कस्तो कठिनाइ झेल्न मान्छे विबश हुन्छ त्यस्को बारेमा सत्य घटनालाई पनि प्रस्तुत गर्नु भएको थियो ।




प्रमुख अतिथिका तर्फबाट नेपाली दूताबासका नियोग प्रमुख काली प्रसाद पोखरेलले मन्तब्य दिनु भएको थियो । मन्तब्यमा नेपाली राजदुताबासका तर्फबाट अनेसासका कर्मठ कार्यकर्ताहरुलाई धन्यबाद ज्ञापन गर्दै अनेसासले विभिन्न देशमा नेपाली भाषा र साहित्यको जगेर्ना गर्न गरेको कार्यको प्रशंशा गर्नुभयो र डिसीमा जतिसक्दो छिटो आफ्नै नेपाली सामुदायकि भवनको ब्यवस्था गर्न सबै नेपालीहरु एक जुट हुन अति आवश्यक भएको बताउनु भो ।

कार्यक्रमको संचालन अनेसास डिसी च्याप्टरका उपाध्यक्ष सुवास उप्रेतीले नेपाली भाषा र साहित्यलाई जीवन्तता दिने उद्देश्यले नै यस्ता कार्यक्रमहरु आफूहरुले संचाजन गरेको कुरा बताउनुभयो । देबकोटा जयन्ती तथा पुरस्कार बितरण समारोहका संयोजक तथा अनेसास डिसी च्याप्टरका अध्यक्ष साहित्यकार गोविन्द गिरी “प्रेरणा”ले समारोहको सभापतित्व गर्नुभएको थियो । सभा विसर्जन भाषणको क्रममा उहाँले सबै पाहुना र पुस्तकालयलाई धन्यवाद दिदै भन्नुभयो – यो संस्था व्यापक भएर गइरहेको छ । अझै पनि यसमा केही कमी कमजोरीहरु छन् । तिनलाई हटाउन न सक्नु म लगायत हामी सबैको कमजोरी हो । यो संस्थाको प्रगतिको लागि यसलाई पारदर्शी बनाउदै लैजानुपर्छ । सालको एक पटक देवकोटा जयन्ती मनाएर पनि पुग्दैन अझै यसमा कार्यक्रमहरु थप्दै र सुधार गर्दै जाने कुरामा जोडदिनुभएको थियो ।

उक्त कार्यक्रममा मिडियाका तर्फबाट सगरमाथा च्यानल, नेपाली पोष्ट, डिसीनेपाल, नेपालहोराइजन, शैलीनेपाल, विश्व सन्देश, खसखस डटकम, नेपाल अब्रोड एवं विश्व परिक्रमाका प्रतिनिधिहरुको उपस्थिति थियो । कार्यक्रमको अन्तमा स्वादिष्ट समोसाको जलपान व्यवस्था गरिएको थियो ।

(नेपालजापानडटकम लगायत यी तलकाले पनि समाचार छापेका छन् । यो रिपोर्ट हस्त गौतम मृदुल र नेपालीपोस्टडटकम समेतको सहयोग लिई तयार गरिएको हो । उनीहरुलाई पनि धन्यवाद । कृपया तिनमा पनि हेर्न सकिन्छ । डिसीनेपालडटकममा कार्यक्रमको भिडियो पनि उपलब्ध छ । अर्को कुरो यो साल दुई ठाउँमा पुरस्कार वितरण समारोह भएकोले यस अघिको मेरो प्रस्तुति http://inls.org/index.php?sect=announcements&nId=173 मा छ । यो त्यसैको अर्को भाग जस्तै भएकोले यसलाई त्यससित जोडेर पढ्दा यो प्रस्तुति सर्वाङ्गपूर्ण हुन्छ । प्रस्तुति – होमनाथ सुवेदी) ।




o


2007.11.18 05:02